आलोपालो



प्रमोद भट्ट

# स्कूल शिक्षामा तहगत विभेद

नेपालको शिक्षामा विद्यमान लैङ्गिक, जातीय, वर्गीय तथा भौगोलिक विभेदबारे हामी थुप्रैले विभिन्न टीकाटिप्पणी गर्दै आएका छौं। तर स्कूले शिक्षाको संरचनाभित्र हुने तहगत वा कक्षागत विभेदबारे भने त्यति धेरै बोलेका छैनौं। यो टिप्पणी नेपालका सामुदायिक जनिएका सार्वजनिक विद्यालयभित्र हुने गरेका तहगत विभेदमा केन्द्रित छ।

शिक्षा विभागले वार्षिक रूपमा देशभरका विद्यालयबाट संकलन गर्ने तथ्याङ्कले के देखाउँछ भने विद्यालय शिक्षामा तल्लो कक्षा वा तहका भन्दा माथिल्लो तहका शैक्षिक सूचक सबल छन्। विगत केही वर्षको कक्षागत औसत उपस्थिति हेर्दा कक्षा १ को औसत उपस्थिति सबैभन्दा कम छ भने कक्षा १० मा सबैभन्दा बढी। त्यसैगरी, समयमै पाठ्यपुस्तक पाउनेको प्रतिशत पनि कक्षाअनुसार बढ्दै जान्छ। विद्यालय छोड्ने, कक्षा दोहोऱ्याउने र कक्षोन्नतिको दर पनि माथिल्ला कक्षामा उच्च छ। कक्षा ३, ५ र ८ का विद्यार्थीको राष्ट्रिय सिकाइ उपलब्धि परीक्षणले के देखाउँछ भने नेपाली विद्यार्थीको औसत सिकाइ उपलब्धि तल्ला कक्षादेखि नै न्यून हुँदै आएको छ। तर यसको डरलाग्दो पक्ष के छ भने माथिल्ला कक्षामा पनि सिकाइ उपलब्धिमा कुनै सुधार भइरहेको छैन। अर्थात्, तल्ला कक्षाहरूमा विद्यार्थीले अपेक्षित नसिके पनि त्यो हाम्रा लागि चिन्ताको विषय भइरहेको छैन।

यसैसँग सम्बन्धित अर्को पक्ष के छ भने एउटै विद्यालयमा थरी थरीका शिक्षक (स्थायी, अस्थायी, राहत, निजी, अन्य) त छन् नै, शिक्षकबीच तहगत विभेद पनि छ। त्यसो त शिक्षाशास्त्रको दर्शनअनुसार पनि विभिन्न तहका लागि भिन्न योग्यता भएका शिक्षकको आवश्यकता हुन्छ। हामीले प्राथमिकभन्दा निम्नमाध्यमिक र निम्नमाध्यमिकभन्दा माध्यमिक तहका शिक्षकका लागि बढी शैक्षिक योग्यता तोकेका छौं, र तलब पनि माथिल्ला तहमा पढाउनेलाई नै बढी दिन्छौं। तर हामीकहाँ विडम्बना के छ भने जम्मा १२ कक्षा पास गरेका शिक्षकले कक्षा ८ सम्म पढाउन पाउँछन् जबकि तिनले सो तहमा अध्यापन गर्नका लागि विशिष्टीकृत पूर्वसेवाकालीन तालीम भने पाएका हुँदैनन्। अरु पूर्वप्राथमिक शिक्षकका लागि त जम्मा १० कक्षा बराबरको योग्यता भए पुग्छ। विशिष्टीकृत शिक्षकलाई हामीले केवल विषयगत दक्षतासँग मात्र जोडिरहेका छौं, न कि तहगत विशिष्टीकरणसँग।

यस्ता विभेद विद्यालयको दैनिकीमा पनि स्पष्ट देख्न सकिन्छ। तल्ला कक्षाहरूमा समग्र शैक्षिक पूर्वाधार त कमजोर छ नै, विद्यार्थी तथा शिक्षक नियमितताबारे पनि माथिल्ला तहमा जस्तो कडिकडाउ हुँदैन। विद्यार्थीले विद्यालयमा नाम लेखाइसकेपछि ऊ विद्यालय आओस् कि नआओस् सम्बन्धित विद्यालयका लागि त्यति चासोको विषय हुँदैन। शिक्षक र अभिभावकले एकअर्कालाई दोष देखाएर उम्किने बहाना मात्र भइरहेको छ। त्यसैले सहजै के भन्न सकिन्छ भने तल्ला कक्षामा हामीले खासै पढाइरहेका छैनौं। विद्यार्थीहरूले के र कति सिकेका छन् र छैनन् भन्नेमा हामीले चिन्ता र चिन्तन दुवै गरिरहेका छैनौं। अधिकांश विद्यालयमा यस्तो चिन्ता माध्यमिक तहमा मात्र प्रकट हुन थाल्दछ। केही विद्यालयमा कक्षा ८ र अन्य धेरैमा ९ वा १० कक्षा पुगिसकेपछि मात्र शिक्षक र समग्र विद्यालय परिवारले विद्यार्थीको पढाइको बारेमा चासो दिन थाल्दछन्। र यस्तो चासो अन्त्यमा आएर परीक्षाकेन्द्रित पढाइ हुन पुग्दछ। अन्य कक्षामा भन्दा यी कक्षामा शिक्षकलाई पाठ समयमै वा सोभन्दा अगाडि सक्ने दबाब र चटारो हुन्छ। नियमित कक्षाले मात्र परीक्षामा पास हुन सम्भव नहुने देखेपछि विद्यालयले कोचिङ र अतिरिक्त कक्षा सञ्चालनमा जोड गर्न तथा विद्यार्थीले ट्यूसन पढ्न थाल्दछन्। यी सबैको ध्याउन्न पुराना प्रश्नपत्रमा केन्द्रित हुन्छ। हरेक हप्ता एसएलसीका नमूना परीक्षा लिइन्छन् ताकि विद्यार्थी बोर्ड परीक्षाका लागि अभ्यस्त होउन्। विद्यालयमा मात्र होइन घरपरिवारभित्र पनि यस्ता परीक्षाले विशेष महत्त्व राख्दछन्।

> **तल्ला कक्षाहरूमा शैक्षिक पूर्वाधार त कमजोर छ नै, विद्यार्थीको नियमितताबारे पनि माथिल्ला तहमा जस्तो कडिकडाउ हुँदैन। विद्यार्थीले नाम लेखाइसकेपछि ऊ आओस् कि नआओस् विद्यालयका लागि त्यति चासोको विषय हुँदैन। त्यसैले सहजै भन्न सकिन्छ, तल्ला कक्षामा हामीले खासै पढाइरहेका छैनौं।**

जुन कक्षा वा तहमा जिल्लास्तरीय वा राष्ट्रिय परीक्षा हुन्छ त्यस तहमा बढी ध्यान दिनु स्वाभाविक त हो, किनभने विद्यालयको गुणस्तरको आधार यसैलाई नै मानिंदै आएको छ। तर आधुनिक शिक्षाको सबैभन्दा ठूलो विडम्बना पनि यसैमा अन्तर्निहित छ। यस्तो प्रवृत्तिले एकातिर पढ्नु भनेको जसरी भए पनि जाँच पास गर्नुमा सीमित भएको छ भने अर्कोतिर पढ्नै पर्ने विषयवस्तुको ज्ञान प्राप्त गर्ने बाहेकका अन्य जीवनोपयोगी सीप र क्षमताहरूको विकास हुन सकिरहेको छैन। यसरी एकातर्फ हामी तल्ला कक्षाहरूमा खासै केही नगरिकन एकैचोटि माथिल्ला कक्षामा जोड दिइरहेका छौं, र माथिल्ला कक्षामा पनि हामीले दिइरहेको जोड केवल परीक्षाकेन्द्रित तालीम मात्र बन्न पुगेको छ। यस्तो कार्य विद्यार्थीका लागि त प्रत्युत्पादक छ नै, समग्र शैक्षिक प्रणालीका लागि पनि अत्यन्तै दुःखद् भइरहेको छ। आशा गरौं, नयाँ वर्ष र नयाँ शैक्षिक सत्रको आगमनसँगै शिक्षाको यस्तो साँघुरो दायराबाट मुक्त हुन आवश्यक प्रयत्न गर्नेछौं।